म.प.बै.सं. १७/०८१

**संवत् २०८१ साल साउन ३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीको मुख्य सल्लाहकारमा श्री विष्णुप्रसाद रिमाल, नुवाकोटलाई नियुक्त गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन (एघारौं संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीको आर्थिक/विकास सल्लाहकारमा डा. युवराज खतिवडा, झापालाई नियुक्त गर्ने।

४. परराष्ट्र मन्त्रालयः २०८१ साउन ८ देखि १२ गतेसम्म परराष्ट्र मन्त्रालयका सचिव श्री सेवा लम्सालको नेतृत्वको प्रतिनिधिमण्डललाई जनवादी गणतन्त्र चीनको भ्रमण गर्न स्वीकृति प्रदान गर्ने।

५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः भारतको नयाँ दिल्लीमा आयोजना हुने युनेस्को विश्वसम्पदा समितिको छयालिसौं बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेयलाई २०८१ साउन ६ देखि ११ सम्म सहभागी हुन स्वीकृति प्रदान गर्ने।

म.प.बै.सं. १८/०८१

**संवत् २०८१ साल साउन ७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. अर्थ मन्त्रालयः समृद्धिका लागि वन आयोजनाको लागि विश्व बैंकबाट थप १२ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने सम्बन्धमा बैंकसँग वार्ता गर्न वार्ता टोली गठन गर्ने।

२. अर्थ मन्त्रालयः माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्रीको प्रेस सल्लाहकारमा श्री भुवन के.सी., पाल्पालाई नियुक्ति गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः भारतको नयाँ दिल्लीमा आयोजना हुने बिमस्टेक व्यापार सम्मेलनमा २०८१ साउन २२ देखि २४ सम्म सहभागी हुन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीको मनोनयन स्वीकृत गर्ने।

४. युवा तथा खेलकुद मन्त्रालयः फ्रान्सको राजधानी पेरिसमा आयोजना हुने ३३औं गृष्मकालीन ओलम्पिकमा माननीय युवा तथा खेलकुद मन्त्री तेजु लाल चौधरीलाई २०८१ साउन १० देखि १२ गतेसम्म सहभागी हुन स्वीकृति प्रदान गर्ने।

५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री माहादेव पन्थलाई कायममुकायम मुकरर गर्ने।

६. नेपाल सरकार, मन्त्रिपरिषद्बाट राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहका कर्मचारीको वैदेशिक भ्रमण स्वीकृत भई विभिन्न कारणले भ्रमणको मिति परिवर्तन भएको अवस्थामा वैदेशिक भ्रमणको मिति संशोधन गर्ने अधिकार नेपाल सरकारका मुख्यसचिवलाई प्रत्यायोजन गर्ने।

७. नेपाल सरकारका मन्त्रीले नेतृत्व गर्ने वैदेशिक भ्रमणको प्रतिनिधिमण्डल गठन गर्दा त्यस्तो प्रतिनिधिमण्डलमा कम्तीमा एकजना महिला कर्मचारी समावेश गर्ने व्यवस्था मिलाउने।

म.प.बै.सं. १९/०८१

**संवत् २०८१ साल साउन ९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः २०८१ साउन ९ गतेका दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट पोखरा उडान गर्ने क्रममा सौर्य एयरलाईन्सको 9N-AME जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग ०२ नजिकै भएको दुर्घटनाको जाँचबुझ गरी प्रतिवेदन पेश गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्व महानिर्देशक श्री रतिशचन्द्र लाल सुमनको संयोजकत्वमा ५ सदस्यीय दुर्घटना जाँच आयोग गठन गर्ने।

२. संवत् २०८१ साल साउन ९ गते बुधबार काठमाडौंबाट पोखराका लागि उडेको सौर्य एयरलाइन्सको 9N-AME विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिकै भएको दुर्घटनाबाट नेपाल सरकार स्तब्ध भएको छ। उक्त दुर्घटनामा परी १८ जना व्यक्तिहरूको मृत्यु भएकोमा दिवङ्गत हुने व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा नेपाल सरकारकोतर्फबाट गहिरो समवेदना प्रकट गर्ने र दुर्घटनाग्रस्त विमानका चालक क्याप्टेन मनिषरत्न शाक्यको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने। यस दुःखद् घडीमा शोकका लागि संवत् २०८१ साल साउन १० गते बिहीबार राष्ट्रिय झण्डा आधा झुकाउने।

म.प.बै.सं. २०/०८१

**संवत् २०८१ साल साउन १० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा प्रा.डा. शिवराज अधिकारी तथा सदस्यहरूमा प्रा.डा. राम पदारथ विच्छा, डा. रमेश प्रसाद सिंह, डा. प्रकाश कुमार श्रेष्ठ, श्री गीता कुमारी पौडयाल अधिकारी, डा. जय बहादुर टण्डन र श्री गंगादत्त अवस्थीलाई नियुक्त गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीको जनसम्पर्क सल्लाहकारमा श्री किरण पौडेल, नवलपरासीलाई नियुक्त गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८१ भदौ २४ देखि २८ सम्म संयुक्त राज्य अमेरिकाको जर्जिया, अटलान्टामा आयोजना हुने PMF Experimental Learning मा सहभागी हुन मधेस प्रदेश सरकारका प्रमुख सचिव श्री लोकनाथ पौडयाललाई स्वीकृति प्रदान गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः माथिल्लो कर्णाली जलविद्युत परियोजनाको विकासकर्ता कम्पनी GMR Upper Karnali Hydropower Limited लाई दिएको माथिल्लो कर्णाली जलविद्युत परियोजनाको वित्तीय व्यवस्थापन (Financial Close) को म्याद श्री सर्वोच्च अदालतको २०८० वैशाख २४ को निर्देशनात्मक आदेशबमोजिम अदालती कारबाहीका क्रममा गुम्न गएको अवधि समायोजन गर्नका लागि मात्र परियोजनाको वित्तीय व्यवस्थापनको म्याद १८६ दिन थप गर्ने।

५. अर्थ मन्त्रालयः विश्व बैंकबाट प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम-पहिलो चरणअन्तर्गत उपलब्ध हुने करिब रु. १३ अर्ब ३३ करोड नेपाली रुपियाँ बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः तल्लो मोदी-नयाँ मोदी १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः विद्युतीकरण विस्तार तथा चुहावट न्यूनीकरण आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः ओखलढुङ्गालगायत १५ जिल्लाका दुईलाख एकहत्तर हजार छ सय चालीस गरिब परिवारको सूची स्वीकृत गर्ने।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः १५ शय्याको आधारभूत अस्पताल भवन निर्माणका लागि सरावल गाउँपालिका नवलपरासीलाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः शुद्धोधन गाउँपालिका कपिलवस्तुलाई बाँसखोर स्वास्थ्य चौकीको भवन निर्माणका लागि सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्तासम्बन्धी आदेश, २०८१ स्वीकृत गर्ने।

१२. वन तथा वातावरण मन्त्रालयः नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प. द्वितीय श्रेणीका वन अधिकृत श्री दीर्घ नारायण कोइरालालाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव (प्रा.) पदमा बढुवा गर्ने।

१३. वन तथा वातावरण मन्त्रालयः लखरपाटा-खम्वागाडे-मुरमुरी-जामुनसुनकाँडा सडक निर्माण गर्नको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१४. वन तथा वातावरण मन्त्रालयः विनयी त्रिवेणी गाउँपालिका, नवलपरासीको प्रशासनिक भवन निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१ स्वीकृत गर्ने।

१६. नेपाल सरकारको रिक्त मुख्यसचिव पदमा कायममुकायम मुख्यसचिव श्री लीलादेवी गडतौलालाई बढुवा गर्ने।

म.प.बै.सं. २१/०८१

## संवत् २०८१ साल साउन १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. परराष्ट्र मन्त्रालयः ओमानमा आयोजना हुने नेपाल र ओमानको परराष्ट्र सचिवस्तरीय द्विपक्षीय परामर्श संयन्त्रको प्रथम बैठकमा २०८१ साउन २१ देखि २०८१ साउन २५ सम्म सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

२. परराष्ट्र मन्त्रालयः अष्ट्रेलियालगायत ५ वटा मित्रराष्ट्रहरूमा कार्यरत नेपाली आवासीय राजदूतहरूलाई सो पदको जिम्मेवारीबाट मुक्त गरी मिति २०८१ भदौ १५ गतेभित्र नेपाल फर्किसक्ने गरी फिर्ता बोलाउने।

३. परराष्ट्र मन्त्रालयः अष्ट्रेलियालगायत १७ मुलुकहरूका लागि नेपालको आवासीय राजदूत र सहप्रमाणीकृत मुलुकहरूका लागि नेपालको गैरआवासीय राजदूत पदमा एक अवधि (चार वर्ष) का लागि सिफारिस गर्ने।

४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतका कार्यालय/कार्यक्रमहरूको लागि आ.व. २०८१/८२ का लागि राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका ११ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

५. रक्षा मन्त्रालयः २०८१ साउन १३ देखि १७ सम्म मित्रराष्ट्र चीनमा सञ्चालन हुने Special Forces Joint Training 2024 को Planning Conference मा उपरथी प्रेमध्वज अधिकारीको सहभागिताको समर्थन गर्ने।

६. रक्षा मन्त्रालयः नेपाली सेनाका रथी अशोकराज सिग्देललाई कायममुकायम भई प्रधानसेनापतिको कार्यभार सम्हाल्ने गरी तोक्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

७. वन तथा वातावरण मन्त्रालयः देवचुली ट्रमा सेन्टर निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः चिकित्सा शिक्षा आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेका मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति, गेटा लगायतका ६ वटा आयोजनामा आ.व. २०८१/८२ का लागि राजपत्राङ्कित श्रेणी वा सो सरहका ५९ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

९. बागमती, लुम्बिनी र कर्णाली प्रदेशका प्रदेश प्रमुखहरूलाई पदमुक्त गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१०. श्री दीपकप्रसाद देवकोटा, कैलालीलाई बागमती, श्री कृष्णबहादुर घर्ती मगर, रोल्पालाई लुम्बिनी र श्री यज्ञराज जोशी, बझाङलाई कर्णाली प्रदेशको प्रदेश प्रमुखमा नियुक्त गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

११. निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत रामकृष्ण सुवेदीलगायत २२ अधिकृतहरूको सरुवा गर्ने।

म.प.बै.सं. २२/०८१

## संवत् २०८१ साल साउन २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न लगानी बोर्डको उपाध्यक्षको संयोजकत्वमा गठन हुने सिफारिस समितिमा विषय विज्ञका रूपमा नेपाल सरकाका पूर्वसचिव एवं नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री राजन खनाललाई तोक्ने।

२. अर्थ मन्त्रालयः एशियाली विकास बैंकबाट Climate Resilient Landscapes and Livelihoods परियोजनाको लागि प्रस्ताव गरिएको २० मिलियन अमेरिकी डलर अनुदान तथा १० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता गर्न वार्ता टोलीको गठन गर्ने।

३. अर्थ मन्त्रालयः बेलायत सरकारबाट SAMARTHA: Enhancing Gender & Human Development Outcomes Through Systems Strengthening कार्यक्रमका लागि बेलायत सरकारमार्फत प्राप्त हुने करिब रु.६ अर्ब ५८ करोड अनुदान सहायता स्वीकार गर्ने।

४. अर्थ मन्त्रालयः बेलायत सरकारबाट Resilience, Adaptation, and Inclusion in Nepal (RAIN) कार्यक्रमका लागि प्राप्त हुने करिब रु.६ अर्ब ५० करोड अनुदान सहायता स्वीकार गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः २०८१ साउन २४ देखि २८ गतेसम्म हुने माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीको भारतको कोलकाता/हल्दिया र विशाखापटनम् बन्दरगाहको अवलोकन भ्रमण स्वीकृत गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः २०८१ भदौ १६ देखि २२ सम्म ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीलाई अष्ट्रेलियाको सिड्नीमा आयोजना हुने 75th IEC and 9th Asian Regional Conference मा सहभागी हुन स्वीकृति दिने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः राजश्व न्यायाधिकरण, नेपालगञ्जको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका माननीय न्यायाधीश श्री श्यामजी प्रधानलाई तोक्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू श्री उदयराज सापकोटा र श्री फणीन्द्र गौतमको सरुवा गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू श्री आलोक चन्द्र श्रेष्ठ र श्री पाराश्वर ढुङ्गानालाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्त गर्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः श्रम अदालतको अध्यक्ष पदमा उच्च अदालत सुर्खेतका न्यायाधीश श्री जनक पाण्डेलाई तोक्ने।

११. गृह मन्त्रालयः प्रहरी नायव महानिरीक्षक रामदत्त जोशीलाई नेपाल प्रहरीको जनपद प्रहरी समूहतर्फको अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्त गर्ने।

१२. गृह मन्त्रालयः ३ जना प्रहरी अतिरिक्त महानिरीक्षकहरूको सरुवा गर्ने तथा एक जना प्रहरी अतिरिक्त महानिरीक्षकको पदस्थापना गर्ने।

१३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (CRPD) कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदन स्वीकृत गरी UN CRPD समितिमा पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूहअन्तर्गत डेन्टल उपसमूहतर्फका डेन्टिष्ट महासेनानी डा. समीर अर्यालंलाई प्राविधिक डेन्टिष्ट सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवातर्फका सहायक रथी नकुल बहादुर रायमाझीको पदावधि थप गर्ने।

**द्रष्टव्यः निर्णयसँगसम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, इन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका प्रमुख सेनानी ध्रुव पण्डितलाई सोही सेवा, समूह तथा उपसमूहको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी जगदीश खड्कासमेत ३ जना महासेनानीहरूलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका पाइलट आक्टिङ महासेनानी रचन श्रेष्ठलाई पाइलट महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका उपरथीद्वय कृष्णदेव भट्ट र अनुपजंग थापाको सरुवा गर्ने।

२०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी मधुकर सिंह कार्कीलाई उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२१. रक्षा मन्त्रालयः राष्ट्रिय सुरक्षा परिषदको राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्ति, सेवा शर्त तथा सुविधासम्बन्धी निर्देशिका, २०८० खारेज गर्ने।

२२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, रा.प.द्वितीय श्रेणीका उपसचिव श्री हरिप्रसाद खनाललाई एक श्रेणी माथिको सहसचिव पदमा अवकाश पूर्व विशेष बढुवा गर्ने।

२३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः विमानस्थल निषिद्ध क्षेत्र घोषणा गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती कर्मचारीको तालिम तथा क्षमता विकाससम्बन्धी समझदारीपत्र मापदण्ड बनाई कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने।

२५. शहरी विकास मन्त्रालयः नगर विकास कोषका उप-प्रबन्धक (प्रा.) राजेश कुमार भोछिभोयालाई बढीमा ३ महिनाको लागि नगर विकास कोषको कार्यकारी निर्देशक तोक्ने।

२६. शहरी विकास मन्त्रालयः कोशी प्रदेश, रङ्गेली नगरपालिका प्रमुख श्री दिलिप कुमार अग्रवाललगायत ७ जना पदाधिकारीहरूलाई २ वर्षको लागि नगर विकास कोषको सञ्चालक समितिको सदस्य पदमा मनोनीत गर्ने।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः २०८१ भदौ ११ देखि १३ सम्म इन्डोनेसियाको जाकार्तामा सञ्चालन हुने Regional workshop on innovations for quality integrated primary health care कार्यक्रममा सहभागिताको लागि अतिरिक्त स्वास्थ्य सचिव डा. दिपेन्द्र रमण सिंहलाई स्वीकृति दिने।

म.प.बै.सं. २३/०८१

### संवत् २०८१ साल साउन २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः २०८१ साल साउन २३ गते नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका सूर्यचौरमा भएको एयर डाइनेष्टि हेली सर्भिसेज प्रा.लि. को 9N-AJD कलसाइन रहेको हेलिकप्टर दुर्घटनाको जाँच गरी प्रतिवेदन पेश गर्न नेपाली सेनाका बरिष्ठ पाइलट श्री सुवाष थापाको संयोजकत्वमा दुर्घटना जाँच आयोग गठन गर्ने।

म.प.बै.सं. २४/०८१

### संवत् २०८१ साल साउन २८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८१ भदौ १ देखि १४ सम्म संयुक्त राज्य अमेरिकामा आयोजना हुने Procurement Orientation Visit कार्यक्रमअन्तर्गत Best Value Procurement Study Tour मा सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव श्री रामकृष्ण सुवेदीलाई सहभागी हुन स्वीकृति दिने।

२. अर्थ मन्त्रालयः Mechanized Irrigation Innovation Project का लागि एसियाली विकास बैंकबाट प्राप्त हुने करिब रु. १४ अर्ब ६३ करोड सहुलियतपूर्ण ऋण र करिब रु.१ अर्ब ९९ करोड अनुदान स्वीकार गर्ने सम्बन्धमा नेपाल सरकारको तर्फबाट वार्ता गर्न वार्ता टोली गठन गर्ने।

३. अर्थ मन्त्रालयः मर्यादाक्रमअनुसारको आधारभूत तलबमान समायोजन/निर्धारण गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट मिति २०८१ असार १० मा भएको परमादेशको आदेश र उक्त आदेशमा उल्लेख भएबाहेकका अन्य सबै सेवा, श्रेणी, तहका राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरूसमेतको तलबमानलाई परिमार्जन गर्दा सिर्जना हुने आर्थिक दायित्व र अर्थतन्त्रमा पर्ने प्रभावसमेतको विस्तृत अध्ययन गरी प्रस्ताव पेश गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल इञ्जिनियरिङ सेवा, केमेष्ट्री समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री इन्दु विक्रम जोशीको स्वैच्छिक राजीनामा स्वीकृत गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा रमेश आचार्य, धादिङलाई नियुक्त गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धक पदमा प्रकाश प्रसाद पोखरेल, इलामलाई नियुक्त गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः पशु वधशाला र मासु जाँच (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी पेश गर्ने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८१ भदौ २० देखि २३ गतेसम्म चीनको Hainan Province मा सञ्चालन हुने First International Symposium of World Wide Rice Wring and Academic Exchange Conference of 'Lancang-Mekong Granaries' मा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने।

९. गृह मन्त्रालयः प्रहरी अतिरिक्त महानिरीक्षक श्री किरण बज्राचार्यलाई दक्षिण कोरियामा २०८१ भदौ ९ देखि १६ गतेसम्म सञ्चालन हुने "Training for Enhancing Cyber Investigation Capabilities" for the "Establishment of Cyber Bureau with Capacity Building for Nepal Police" विषयक तालिम कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

१०. गृह मन्त्रालयः २०८१ साउन २९ देखि ३२ सम्म भुटानमा आयोजना हुने Forum of the Election Management Bodies of South Asia – FEMBOSA को बाह्रौं सम्मेलनमा सहभागी हुन निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियालाई स्वीकृति दिने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सङ्घीय भूउपयोग परिषद्का सदस्यमा डा. रेवतीरमण पौडेल, चितवन; डा. यमुना घले, चितवन; डा. रेश्मा श्रेष्ठ, काठमाडौं र श्री जगत बहादुर देउजा, सिन्धुपाल्चोकलाई ३ वर्षको लागि मनोनयन गर्ने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः इलाका प्रहरी कार्यालय, झाँझपट्टी, सिरहालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी रण बहादुर खड्कासमेत ४ जना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी पदम बहादुर बुढासमेत ३ (तीन) जना सहायक रथीहरूको सरुवा गर्ने।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नागरिक उड्डयन क्षेत्रको समग्र सुधार तथा गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल दिगो रूपमा सञ्चालन गर्नेसम्बन्धी कार्ययोजना स्वीकृत गर्ने।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री कोमल प्रसाद धमलाको राजीनामा स्वीकृत गर्ने।

म.प.बै.सं. २५/०८१

## संवत् २०८१ साल साउन ३१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८१ भदौ ११ देखि १४ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने Nutrition Financing in Asia: Capacity Strengthening Workshop कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा.डा. आर.पि. विच्छालाई सहभागी हुन स्वीकृत प्रदान गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका जिल्ला न्यायाधिवक्ता श्री श्रीराम खनाललाई नेपाल कानून व्यवसायी परिषद्को सचिव पदमा खटाउने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८१ असोज ५ देखि १४ सम्म बेलायतमा आयोजना हुने Strengthening the Capacity of Public Service Commission of Nepal विषयक कार्यक्रममा सहभागी हुन लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा सचिवलगायतको प्रतिनिधिमण्डलाई स्वीकृति प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः विपद्बाट हुनसक्ने सम्भावित जोखिम बहन गर्ने सम्बन्धमा विश्व बैंकबाट बजेटरी सहायताको रूपमा प्राप्त हुने १५० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गर्ने।

५. अर्थ मन्त्रालयः २०८१ असोज ९ देखि १० सम्म उज्वेकिस्तानको समरखण्डमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको नवौं वार्षिक बैठकमा सहभागी हुन माननीय उपप्रधान तथा अर्थमन्त्री नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

६. अर्थ मन्त्रालयः मर्यादाक्रमबमोजिम समान तलबमान कायम हुने गरी तलब समायोजन गर्ने सम्वन्धमा तलबमान समायोजन/परिमार्जन गर्दा सिर्जना हुने आर्थिक दायित्वको अध्ययन प्रतिवेदनसमेतलाई दृष्टिगत गरी सर्वोच्च अदालतबाट मिति २०८१ असार १० मा भएको परमादेशको आदेशउपर नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन दर्ता गर्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः राजश्व न्यायाधिकरण पोखराको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत पोखराका न्यायाधीश श्री सुदर्शनराज पाण्डेलाई तोक्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः आर्थिक वर्ष २०८१/८२ का लागि सत्य निरुपण तथा मेलिमलाप आयोगको लागि ३५ जना र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लागि २३ जना राजपत्राङ्कित कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

९. गृह मन्त्रालयः विपद् प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ स्वीकृत गर्ने।

१०. परराष्ट्र मन्त्रालयः माननीय परराष्ट्र मन्त्री नेतृत्वको नेपाली भ्रमण टोलीलाई २०८१ भदौ २ देखि ६ गतेसम्म भारत भ्रमण गर्न स्वीकृति प्रदान गर्ने।

११. परराष्ट्र मन्त्रालयः बेल्जियम (युरोपियन युनियनसहित) का लागि आवासीय नेपाली राजदूत पदमा, नेदरल्याण्ड्स र लक्जेम्बर्गको लागि गैरआवासीय राजदूतको पदमा र Organization for the Prohibition of Chemical Weapons (OPCW) का लागि नेपालको प्रतिनिधिको पदमा एक अवधि (चार वर्ष) का लागि परराष्ट्र मन्त्रालयका सचिव श्री सेवा लम्साललाई नियुक्तिका लागि सिफारिस गर्ने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः आ.व. २०८१/८२ का लागि गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रमसमेत १४ कार्यक्रमका लागि ४१ राजपत्राङ्कित अधिकृतस्तरका पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१३. युवा तथा खेलकुद मन्त्रालयः CAVA Women's Nation's Volleyball League-2024 प्रतियोगितामा सहभागी खेलाडीलगायतलाई पुरस्कार तथा सम्मान गर्न स्वीकृति दिने।

१४. रक्षा मन्त्रालयः नेपाली सेनाका रथी श्री अशोकराज सिग्देललाई महारथी पदमा पदोन्नति गरी नेपाली सेनाको प्रधान सेनापति पदमा नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**द्रष्टव्यः निर्णयसँगसम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१५. वन तथा वातावरण मन्त्रालयः पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयमा कार्यरत माहुत (श्रेणी विहिन) श्री प्रेमलाल बछार चौधरीलाई निजको सेवा अवधिमा ६ वर्ष ४ महिना ७ दिन थप गरी मिति २०८० पुष ५ देखि लागू हुने गरी अवकाश दिने।

१६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः आर्थिक वर्ष २०७९/८० र २०८०/८१ गरी लगातार दुई वर्षसम्म वार्षिक एकसय जना नेपालीलाई वैदेशिक रोजगारीमा पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको इजाजतपत्र आर्थिक वर्ष २०८१/८२ का लागि नविकरण गर्न आएमा नविकरण गरिदिने गरी अन्तिम एकपटकका लागि बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः भारतको गुजरात युनिभर्सिटिमा २०८१ भदौ ७ देखि ९ सम्म आयोजना हुने 8th International Dharma-Dhamma Conference 2024 मा सहभागी हुन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेलाई स्वीकृति प्रदान गर्ने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः रसिया महासंघको उलान उदे नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न ललितपुर महानगरपालिकालाई पूर्वस्वीकृति प्रदान गर्ने।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव वा सो सरहका ५९ कर्मचारीहरूको सरुवा गर्ने।

**द्रष्टव्यः निर्णयसँगसम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**